Fax: 4262744, 4262998
E-mail: rss@mail.com.np
rssadm@rss.com.np
acc@rss.com.np

रासस
RSS

# राष्ट्रिय समाचार समिति
# National News Agency

Central Office

Tele
G.M. :- 4262736
News Sec. :- 4262550
Reporting Sec :- 4262628
Account Sec :- 4262539
Adm. Sec :- 4262724
Computer Sec :- 4250673
P.O.Box :- 220

Singhdurbar Plaza
Kathmandu, Nepal

च.नं.: ०६१०७७१०७८

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

मितिः २०७७०४।०१

विषय : **स्वतः प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपालको संविधानमा उल्लेख गरिएको सूचनाको हकसम्बन्धी प्रावधानअन्तर्गत सबै सार्वजनिक निकायले हरेक तीन/तीन महिनामा आ-आफ्ना गतिविधि/कामकारवाही अनिवार्यरूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम कोरोना भाइरस (कोभिड-१९) का कारण जारी लकडाउनका बाबजुद् यस समितिमा मिति २०७७ साल वैशाख, जेठ र असार महिनामा देहायबमोजिमको कामकाज भएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(उत्तम सिल्वाल)
कार्यकारी व्यवस्थापक
सूचना अधिकारी

१. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणतर्फ

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | फोटो | अडियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वैशाख | ३०४८ | ९५० | ३५२ | १७०५ | २०५ | |
| २ | जेठ | ३१५९ | १०३१ | ३८१ | १७६० | ४०७ | |
| ३ | असार | २७९९ | ९९६ | ३७८ | १५५० | १८० | |
| | जम्मा | ९,००६ | २,९७७ | १,१११ | ५,०१५ | ७९२ | |

२. लकडाउनका बाबजुद् निर्वाधरूपमा समाचार सेवा सम्प्रेषण गरेको ।

कोरोना भाइरस अर्थात् कोभिड-१९ को विश्वव्यापी महामारीसँगै नेपालमा पनि लकडाउन (बन्दाबन्दी) जारी भएको सन्दर्भमा राज्यद्वारा सञ्चालित समाचार संस्था (रासस) हुनुका हैसियतले सामान्य दिनहरूमा भन्दा अझ बढी समाचार, फोटो तथा अडियो सङ्कलन, सम्पादन तथा सम्प्रेषण गर्नुपर्ने दायित्व बोध गरी सोहीबमोजिमको व्यवस्था गरेको । स्वदेश तथा विदेशमा समेत क्रियाशील राससकर्मीलाई उत्प्रेरित गर्दै लकडाउनभन्दा अघिका दिनहरूमा सम्प्रेषित समाचार सामग्रीको तुलनामा अझ बढी समाचार सामग्री सम्प्रेषण गरेको ।

३. भौतिक पूर्वाधारतर्फ

(क) आफ्नो सेवा विस्तार तथा सुदृढ गर्नेक्रममा रासस केन्द्रीय कार्यालय भवनमा अडियो/भिडियो स्टुडियो निर्माण गरेको ।

(ख) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, बबरमहल/काठमाडौँमार्फत रासस केन्द्रीय कार्यालय भवन निर्माण गर्ने जिम्मेवारी पाएको श्री सिद्धबाबा कन्स्ट्रक्सन प्रा.लि. काठमाडौँले अघिल्तिरको पुरानो भवन भत्काएर सोही स्थानमा नयाँ भवन निर्माण गर्ने प्रक्रिया अघि बढाएको ।

(ग) रासस केन्द्रीय कार्यालयको पुरानो भवन भत्काउँदा निस्केका काठपात, इँटा, फलामलगातका निर्माण सामग्री नियमानुसार लिलाम बिक्री गर्ने उद्देश्यले महालेखा नियन्त्रकको कार्यालयका तर्फबाट शाखा अधिकृत श्री रञ्जना भट्ट र केन्द्रीय आयोजना कार्यान्वयन इकाइको तर्फबाट

इञ्जिनियर श्री यगाशरी खड्का, रावल समेतको उपस्थितिमा बैठक बसी राष्ट्रिय दैनिक पत्रिकामा टेण्डर आह्वान गर्न लागेको ।

(घ) विराटनगर महानगरपालिकाको रु. १० लाख आर्थिक सहयोगमा रासस प्रदेश नं. १ कार्यालय, विराटनगरको कार्यालय भवन मर्मत-सम्भार, रङरोगन गरेको ।

(ङ) भरतपुर महानगरपालिकाको आर्थिक सहयोगमा रासस भरतपुर कार्यालयमा रु.१०००००।- को सहयोगमा टेबल, कुर्ची र सोफाको व्यवस्था गरेको ।

## ४. बजेट तथा कार्यक्रमतर्फ

(क)

| क.सं | चालु आर्थिक वर्ष २०७६।७७ | | जम्मा (रु) | आगामी आर्थिक वर्ष २०७७/०७८ | | जम्मा (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | चालुतर्फ (रु) | पूँजीगततर्फ (रु) | | चालुतर्फ (रु) | पूँजीगततर्फ (रु) | | |
| १. | १६ करोड ५ लाख | २ करोड ६४ लाख | १८ करोड ६९ लाख | १६ करोड ८१ लाख | १८ लाख | १६ करोड ९९ लाख | |

**नोट :** विस्तृत कार्ययोजनासहित करिब रु. २० करोड बजेट प्रस्ताव गरेकोमा लकडाउनका कारण पूँजीगत बजेट प्राप्त नहुँदा आ.व. २०७७।०७८ को राससको बजेटको आकार उल्लेख्यरूपमा घटेको ।

(ख) रासस भीमदत्तनगर कार्यालय, कञ्चनपुरको पहलमा रासस सुदूरपश्चिम प्रदेश कार्यालय भवन धनगढी र भीमदत्त नगर कार्यालय भवनको मर्मतसम्भारका लागि सुदूरपश्चिम सरकारले आर्थिक वर्ष २०७७।०७८ मा रु. २० लाख विनियोजन गरेको भन्ने जानकारी प्राप्त भएको । (सोसम्बन्धी औपचारिक पत्र, सम्बन्धित कार्यालयबाट प्राप्त नभएको ।) त्यस्तै प्रदेश नं. १ सरकारले आ.व. २०७६।७७ मा रासस प्रदेश नं. १ कार्यालय विराटनगरको कार्यालय प्रयोजनका लागि १ थान मोटरसाइकल सहयोग गरेको र आ.व. २०७७।०७८ मा भवन मर्मतसम्भारको बाँकी काम गर्न थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको ।